


बर्ष १, अंक १, माघ/फागुन २०६७, काठमाडौं

**Volume 1, No 1, January/February 2011, Kathmandu**

# बिषयसूची

## महिनाको तस्विर

ईटाभट्टामा बालबालिका........................................................................२

## सिविन समाचार

सञ्चार माध्यमद्वारा बालबालिकालाई कम प्राथमिकता...............................................३

क्षेत्रीय युवा सम्मेलन सम्पन्न......................................................................३

सिविन क्यान इन्फोटेक मेलामा...................................................................४

## बालबालिकाका समाचार

प्रहरीद्वारा बालकमाथि निर्मम यातना.............................................................५

बालबालिकाको लागि नागरिकता झन् जटिल बन्दै................................................६

विश्व खाद्य कार्यक्रमको खानाले विद्यार्थी विरामी .................................................७

प्रेस वक्तव्य...........................................................................................९

## महिनाको तस्वीर

### ईटाभट्टामा बालबालिका

जता फुटाएपनि
बर्बाद !



# सिविन समाचार

## सञ्चार माध्यमद्वारा बालबालिकालाई कम प्राथमिकता

रमिता छुँजु

काठमाडौं ⁄नेपाली टेलिभिजन च्यानलहरुले प्रसारण गरिरहेका कार्यक्रमहरुमा बालबालिकाका बिषयले कम प्राथमिकता पाएको सञ्चार-कर्मीहरुले बताएका छन् । सिविन नेपालद्वारा **“बालअधिकार र नेपाली टेलिभिजन कार्यक्रम”** बिषयमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागी सञ्चारकर्मीहरुले यस्तो धारणा राखेका हुन्। कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य रामनगिना सिहंले संचारकर्मीहरुले कुनै पनि समाचार सम्प्रेषण गर्दा आचार संहिताको पालना गरी सत्य तथ्य समाचार मात्र सम्प्रेषण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष कुन्दन अर्यालले हाल नेपाली टेलिभिजनले विशेष प्राथमिकताका साथ नभई सामान्यरुपमा मात्रै बालबालिकाका बिषयलाई उठाएको बताउनुभयो । उहाँले नेपाली टेलिभिजन च्यानलले बालबालिकाको बिषयलाई प्राथामिकताकासाथ उठाउनुपर्ने बताउनुभयो ।

बालबालिकाका बिषयमा निर्माण गरिने कार्यक्रमहरुमा सकारात्मक सन्देश दिनुपर्ने इमेज च्यानलका समाचार प्रमुख महेन्द्र विष्टले बताउनुभयो । त्यसैगरि उक्त अन्तरक्रियामा नेपाली टेलिभिजन च्यानलहरुले बालबालिकाका बिषयमा सामाजिक सन्देश दिनेखालका कार्यक्रम निर्माण गर्नुपर्ने तराई टेलिभिजनका समाचार प्रमुख कुलचन्द्र भट्टराईले बताउनुभयो ।



सोही कार्यक्रममा सिविन नेपालद्वारा निर्माण गरिएको साप्ताहिक कार्यक्रम बाल सरोकारको १०० अंकसम्मको समीक्षा गरिएको थियो । आजभन्दा २ वर्ष अगाडि सुरु गरिएको कार्यक्रम बाल सरोकारका बारेमा सञ्चारकर्मी प्रेम बानियाँले समीक्षा गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी सञ्चारकर्मीहरुले बाल सरोकारका बारेमा आफ्ना धारणाहरु राख्नुभएको थियो । उक्त कार्यक्रममा बाल सरोकार निर्माण समूहलाई सम्झनाको चिनो स्वरुप ट्रफी समेत वितरण गरिएको थियो ।

## क्षेत्रीय युवा सम्मेलन सम्पन्न

नेपालगंज, युवाको आवाजः शिक्षा, रोजगार एवम् संरचनागत सहभागिताको सुनिश्चितता भन्ने मूल नारासहित १४ बुँदे युवा प्रतिबद्धता सहितको घोषणपत्र जारी गरी ३ दिने मध्यपश्चिम क्षेत्रीय युवा सम्मेलन नेपालगंजमा सम्पन्न भएको छ ।

सम्मेलनमा मध्यपश्चिमका १५ र कपिलबस्तुको १ गरी १६ जिल्लाका ५१ युवाहरुको सहभागीता रहेको




उक्त सम्मेलनमा १६ देखि २४ वर्ष उमेरका महिला, दलीत, जनजाति, मुस्लिम, अपाङ्गता भएका र तेस्रो लिङ्गी युवाहरुको सहभागिता रहेको थियो । सम्मेलनमा युवासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, जीविकोपार्जन, राष्ट्रिय नीति, संरचनागत सहभागिता, एचआईभी एड्स र त्यसमा युवाहरुको भुमिका बिषयमा छलफल भएको थियो ।

सम्मेलनमा बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल, सिविन-नेपालका महाँसचिव तारक धिताल, राष्ट्रिय मानवअधिकार आयोगका मुरारी खरेल, इन्सेकका भोला महत, सेभ द चिल्ड्रेनका पशुपति सापकोटा, नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष झलक गैरे लगायतका वक्ताहरुले युवाहरुलाई सिर्जनशिल काममा लाग्न सुझाव दिदै राज्यले युवाहरुको उर्जालाई सदुपयोग गर्ने कार्यक्रमहरु निर्माण गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

सम्मेलनमा सहभागी युवाहरुले आफ्नो हस्ताक्षर सहित नयाँ संविधानमा युवाको अधिकारलाई मौलिक हक, युवाको संरचनागत सहभागिता, प्राविधिक तथा व्यबहारिक शिक्षा सहितको रोजगार एवम् स्वरोजगार, शिक्षामा समान पहुँच र गुणस्तरियता, क्षमताको अभिबृद्धि लाई राज्यको जिम्मेवारी र युवा सरोकारका सवालहरु समेटेर १४ बुँदे घोषणपत्र जारी गरेका छन् । विद्यमान विभेदिकरण संस्कारको अन्त्य,अपाङ्गता, दुर्व्यशन तथा संक्रमणमा परेकाहरुलाई विशेष कार्यक्रम ल्याउन माग गरेको छ । कानुनी शासनको पालना र प्रबर्द्धन, राज्यद्वारा घोषित नीति तथा कार्यक्रमहरुमा सकारात्मक भुमिका, स्थानीय सम्भाव्य श्रोतको पहिचान र परिचालन, गरीवी बिकास तथा शान्ति निर्माणमा सकारात्मक पहल गर्नु, यसैगरी जिल्ला स्तरमा जनचेतना, क्षमता अभिबृद्धि गर्न युवा संजाल तथा सुचना केन्द्रको स्थापनामा पहल गर्ने र दुर्व्यशनी तथा संक्रमण न्यूनिकरणका लागि आ-आफ्नो स्थानबाट चेतनामुलक कार्यक्रम संचालन गर्ने प्रतिबद्धता समेत सहभागी युवाहरुले व्यक्त गरेका छन् । सम्मेलन सेभ द चिल्ड्रेनको सहयोगमा सिविन नेपालले आयोजना गरेको थियो ।

## सिविन क्यान इन्फो टेक मेलामा

काठमाडौं, माघ २३, सूचना प्रविधि क्यान इन्फो टेक मेला सम्पन्न भएको छ । हप्ता दिन सञ्चालित उक्त मेलामा करिब चार लाखभन्दा बढीले अवलोकन गरेका थिए । क्यान इन्फोटेकद्वारा आयोजन गरिएको उक्त मेलामा सिविन नेपालद्वारा अनलाईनबाट बालबालिकालाई हुन सक्ने विभिन्न जोखिम सम्बन्धी हजारौं पर्चा र सन्दर्भ सामग्री वितरण गरिएको थियो ।

उक्त मेलामा सिविनले बाल हेल्पलाइनको निःशुल्क फोन नं १०९८ र लागु दुर्व्यसनी लगायत विशेषगरी बालबालिकालाई विभिन्न ज्ञानबर्द्धक, जीवन उपयोगी सीप सम्बन्धी पोस्टर, स्टिकर र पम्प्लेटहरु वितरण गरेको थियो ।

# बालबालिकाका समाचार

## प्रहरीद्वारा बालकमाथि निर्मम यातना

काभ्रेपलाञ्चोक/ जिल्लाको ठूलो पर्सेल गाविस-३ का ११ वर्षीय बालक लाक्पा तामाङलाई गत कार्तिक ३० गतेका दिन सुन चोरेको आरोपमा पचुवारघाट प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक पुरुषोत्तम श्रेष्ठ र हवल्दार भिष्मकुमार थापाले कुटपिट गरी निर्मम यातना दिइएको छ । असोज २५ गतेका दिन छिमेकी ज्ञानबहादुर तामाङको आधा तोलाको सुनको रिङ्ग हराएपछि गाउँको राजनीतिक संयन्त्रमा उजूरी गरी तीन पटक गाउँका दलीय प्रतिनीधि, बुद्धिजीवीको भेलाले सुन चोरी गर्ने ब्यक्तिको पत्ता लगाउन नसकेपछि ज्ञानबहादुरले कार्तिक २८ गते पचुँवारघाट प्रहरी चौकीमा निवेदन दिएको थियो ।

**पीडित बालकका (लाक्पा तामाङ)** अनुसार “आफूलाई प्रहरी चौकी भित्र लगि ‘तैले सुन चोरेको हो की होइन’ भनि ३ पटकसम्म सोध्दा पनि चोरेको होइन भने पछि पिट्न थालेको र त्यसलगतै एक जना फूली लगाएको पुलिसले कुखुरा जस्तो बन्न लगाई प्लास्टिकको पाइपले पछाडी ढाडमा हिर्काए, त्यसपछि पैतालामा प्लास्टिकको पाइपले कुटपिट गरि करिब १ घण्टासम्म पिटे र त्यति गर्दा पनि मैले सुन चोरेको होइन भने पछि हवल्दारले (भिष्मकुमार थापा) एउटा तार ल्याई कानमा करेन्ट लगाए पछि आफु मर्ने डरले चोरेको स्विकारेको बताए ” । त्यस्तैगरी **माइला तामाङले** (पीडित बालकका बाबु) भन्नुभयो “कार्तिक २९ गते ज्ञानबहादुरले प्रहरी ल्यायो, उनीहरूले मेरा छोराछोरीलाई चौकी जाऊँ भन्यो तर त्यस दिन चौकी गएर फर्कने समय नभएकोले भोली छोराछोरी लिएर आउछु भनि पुलिसलाई फर्काइ दिएँ । भोलि पल्ट श्रीमती, छोराछोरी र भाइ समेत खाना खाएर चौकी गयौं । पहिला छोरीलाई चौकी भित्र लग्यो झण्डै १० मिनेट पछि बाहिर ल्यायो । त्यसपछि छोरालाई लग्यो र झण्डै ४०/४५ मिनेटपछि बाहिर पठायो । असई बाहिर निस्किएर मलाई सोध्नु भयो यदि तपाईको छोराले चोरेको ठहरिएमा के गर्नुहुन्छ ? मैले भने - छोरोले चोरेको रैछ भने म तिर्छु । असईले छोरालाई तैंले चोरेको हो कि होइन भन् भनेपछि छोराले हो भन्यो, चोरेको हो भनेपछि मैले छोराको मुखमा रिसले थुकिदिएँ । मैले जसरी भएपनि तिर्छु भनेपछि प्रहरीले १९ हजार को लागि कागज गराए । बेलुका घर फर्केपछि मात्र थाहा भयो पुलिसले छोरालाई बेस्सरी पिटेको रहेछ भनेर छोराको जिउभरी निलडाम पनि देखें र करेन्ट समेत लगाएको थाहा पाएँ ” । यसैक्रममा उहाँले यातना दिने प्रहरीलाई कारवाही गर्नुपर्ने माग पनि राख्नु भयो । त्यस्तै “आफुलाई प्रहरीले बालकलाई यातना दिइएको थाहा नभएको बताउछन्” **ज्ञानबहादुर तामाङ** जो सुन हराएको ब्यक्ति हुन् । साथै उहाँले दलीय संयन्त्रमा जानकारी गराएको तर चोर पत्ता लगाउन नसकेपछि प्रहरीमा निवेदन दिएको स्विकार्नु भएको छ। यस घटनामा संलग्न दोषीलाई कारबाहि गनुपर्ने धारणा विभिन्न राजनितिक प्रतिनिधिले राखेका छन् । यसै क्रममा **जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका डिएसपी, रविन्द्रबहादुर धानुकलले** “आफ्नो जिम्मेवारी र कर्तव्य ख्याल नगर्ने प्रहरीलाई कारबाहि गर्ने जानकारी दिनुभयो साथै उहाँले दोषी प्रहरीलाई जिल्लामा झिकाई सकिएको र ग्लमभच क्ष्लखभकतष्नबतष्यल गरिरहेको जानकारी समेत दिनु भएको छ ।” यस घटना बारे विभिन्न बालअधिकारकर्मी एवं मानवअधिकार संस्थालाई दिइएको जानकारीको अधारमा विभिन्न अधिकारसँग सम्वन्धित संघसंस्थाहरूको एक टोलीले घटनास्थलको स्थलगत भ्रमण गर्नुको साथै घटनाको वस्तुस्थिति

बुझ्न पीडित बालकका अभिभावक, दलीय संयन्त्रका प्रतिनिधिहरू, छरछिमेकी र प्रहरी समेतलाई भेटेको छ ।

वर्तमान दण्डहीनताको संस्कारलाई अन्त्य गर्नका लागि घटनामा संलग्न दोषीहरूलाई निष्पक्ष तथा स्वतन्त्र छानविन समितिबाट छानविन गरि तदारुकताका साथ कारवाही गर्नु पर्दछ । बालकमाथि जुन यातना भएको छ त्यो कुनैपनि तरिकामा न्ययोचित भने छैन । जुनसुकै अवस्थामा पनि यातना रहित बाँच्न पाउने संवैधानिक अधिकार तथा बालअधिकारको ठाडो रुपमा उल्लंघन भएको छ । यस घटनाले यातना विरुद्धमा नेपालको अन्तरिम संविधानको धारा २६ ले गरेको संवैधानिक व्यवस्था तथा बालबालिका सम्बन्धि ऐन २०४८ ले गरेको कानुनी व्यवस्थाको प्रष्ट उल्लंघन भएको छ भने नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारसम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि, बालअधिकार सम्बन्धि महासन्धि र यातना विरुद्धको महासन्धिले गरेको यातना विरुद्धको हक अधिकारको ठाडो रुपमा उल्लंघन भएको छ । राज्यबाट यातना नदिने र मानवअधिकारको सम्मान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता हुदाँ हुँदै पनि बालकलाई हिरासतमा लगि यातना दिने कार्यले राज्यको सुरक्षा निकायमा रहेका मानिसहरूको मानवअधिकार तथा बालअधिकार प्रतिको संबेदनहीनतालाई प्रष्ट पारेको छ र हिरासतभित्र यातना भोग्ने पछिल्लो सिकार ११ बर्षीय बालक लाक्पा तामाङ भएका छन् । घटना भएको महिनौ दिन बितिसक्दा सम्म पनि आवश्यक अनुसन्धान गरि पीडकहरूलाई कारवाही अगाडी बढाउने कार्यमा कुनै पनि तदारुकता देखाएको पाइएन । यस्तो गतिविधिका कारण राज्यले दण्डहीनतालाई प्रोत्साहन गरिएको देखिन्छ ।

## बालबालिकाको लागि नागरिकता झन् जटिल बन्दै

काठमाण्डौ/ संविधान सभामा नागरिकताको बिषयका लागि गठित उच्चस्तरीय कार्यदलद्वारा प्रस्तावित मस्यौदाले नागरिकता सम्बन्धी बिषयलाई जटिलतातर्फ लगेको अधिकार- कर्मीहरुले बताएका छन् ।




राजधानीमा आयोजित एक कार्यक्रमका सहभागीहरुले सो मस्यौदामा प्रस्तावित बुँदाहरु नागरिकता सम्बन्धी अन्य प्रावधानसँग समेत नमिल्ने बताएका हुन् । महिला तथा पुरुषका लागि नागरिकता प्राप्त गर्ने समान अधिकारको प्रावधान राखिनुपर्ने समेत उनीहरुले बताएका छन् । कार्यक्रममा संविधान सभा मौलिक हक तथा निर्देशक सिद्धान्त समितिका अध्यक्ष विन्दा पाण्डेले बाबुआमा पहिचान नभएको र बाबु वा आमाले आफनो सन्तान अस्वीकार गरेको अवस्थामा जन्मदर्तालाई अनिवार्य गर्दा यो समस्या समाधान हुने बताउनुभयो ।

उहाँले नेपाली नागरिकका सन्तान गैरनागरिक हुनुपर्ने स्थिति कुनैपनि हालतमा सिर्जना गर्न नहुने बताउनुभयो । सोहि कार्यकममा अधिवक्ता सविन श्रेष्ठले संविधानसभामा हाल प्रस्तावित मस्यौदाले विशेष गरेर नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरी जन्मेको अवस्थामा उक्त बालबालिकाले जन्म दर्ता देखि पहिचानको लागि १५ वर्ष कुर्नुपर्ने अवस्था सिर्जना हुने खतरा रहेको बताउनुभयो ।

यदि यो प्रस्ताव संशोधनबिना नै प्रस्ताव पारित हुने हो भने बालबालिकालाई राज्यविहीन बनाउने खतरा बढेको समेत उहाँले बताउनुभयो ।

हाल प्रस्तावि मम्यौदाकाअनुसार आमाको नामबाट वंशजको नाताले नागरिकता प्राप्त गर्नबाट वन्चित गर्ने हो भने त्यस्ता बालबालिकाहरु राज्यबिहिनताको अवस्थामा रहने देखिन्छ । साथै यसले बालअधिकार सम्वन्धि महासन्धि, नागरिक तथा राजनितिक अधिकार सम्बन्धी  अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र तथा सवै प्रकारका जातिय विभेद उन्मूलन गर्ने सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धिले स्थापित गरेको  सिद्धान्तको समेत उल्लघंन हुने अधिकारकर्मीहरुले बताएका छन् ।

## विश्व खाद्य कार्यक्रमको खानाले विद्यार्थी विरामी

बाजुरा- गुडुखटि गाविस स्थित श्री बागेश्वरी प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमद्वारा प्रदान गरिएको दिवा खाना खानथाले पछि विद्यार्थीहरु विरामी पर्न थालेका छन् ।

विश्व खाद्यको शिक्षाको लागि खाना कार्यक्रमले वितरण गरेको खानावाट विद्यार्थी विरामी पर्न थालेको जिल्ला शिक्षा कार्यालयका अधिकृत कृष्ण राज कुंवरले वताउनु भयो । उहाँका अनुसार डब्लु.एफ.पीले वाजुरा जिल्लाका एक सय पचास विद्यालयका करिव तेह्र हजार पाँच सय प्राथमिक तहका विद्यार्थीको स्वास्थ्य सुधार, विद्यालयमा विद्यार्थी संख्या बढाउन र विद्यार्थीको नियमित उपस्थितिका लागि खाना वितरण गर्दै आएको थियो । स्थानिय एक शिक्षकका अनुसार डब्लु.एफ.पीले खानाको परिक्षण गरिरहेको र परिक्षणको परिणाम नआए सम्म खाना वितरणमा रोक लगाउने जनाउनुभयो । बिद्यार्थीहरु विरामी पर्न थाले पछि स्थानिय प्रशासनले पोषणयुक्त खाना वितरण गर्दै आएको छ ।

स्रोतः- हिमालय टाईम्स

## धर्म पुत्रपुत्री सम्बन्धी छलफलका लागि नेपाल सरकारलाई आमन्त्रण

काठमाडौं ⁄ ५ माघ, नेपालवाट धर्म पुत्रपुत्री ग्रहण गर्ने प्रक्रिया वन्द भएको अवस्थामा नेदरलान्ड्स स्थित हेग सचिवालयले नेपाल सरकारलाई सो सम्वन्धि वैठकका लागि आमन्त्रण गरेको छ ।

महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयका कानुन विभाग प्रमुख शेरजङ्ग कार्कीका अनुसार गत वर्ष अमेरिका, क्यानाडा, डेनमार्क, जर्मनी, फ्रान्स, नर्वे, स्विजरल्याण्ड, स्पेन, इटाली र वेलायतले धर्म पुत्रपुत्री ग्रहण सम्बन्धी राज्यले बनाउनु पर्ने नीति नियम निर्माण गरी कार्यान्वयनको लागि प्रयाप्त कार्य नेपाल सरकारले नगरेको र अन्तर्राष्ट्रिय कानुनको पालना नगरेको भन्दै यी देशहरुले नेपालवाट धर्म पुत्रपुत्री लिने प्रक्रिया वन्द गरेका थिए ।

कार्कीका अनुसार नेदरलान्ड्स स्थित हेग सचिवालयलमा हुने अन्तराष्ट्रिय वैठकमा नेपाल सरकारको तर्फ वाट विगत एक वर्ष देखि रोकिएको अन्तरदेशिय बालबालिका धर्म पुत्रपुत्री लिने  प्रक्रिया पुन शुरु गर्नको लागि नेपाल सरकारको तर्फवाट पहल गर्ने वताउनु भयो ।

नेपाल सरकारले नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्रपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया २०६७ जारी गरेको छ । उक्त नीतिमा धर्मपुत्रपुत्री पठाउने सम्बन्धमा सम्वन्धित संस्था अन्तरदेशिय धर्म पुत्रपुत्री लिने प्रक्रियामा सहजिकरण गर्न योग्य हुनुपर्ने, प्रचलित कानून बमोजिम दर्ता भई कम्तीमा छ वर्ष बालबालिकाको क्षेत्रमा काम गरेका बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले अन्तरदेशीय धर्मपुत्रपुत्री सम्बन्धी कार्य गर्न चाहेमा सूचिकरणको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

त्यस्तैगरी ख्यातिप्राप्त कुनै विदेशी नागरिकले कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा ग्रहण गर्न चाहेमा सम्बन्धित देशको राष्ट्रप्रमुख, सरकार प्रमुख वा परराष्ट्र मन्त्रीको औपचारिक सिफारिस सहित मन्त्रालय समक्ष निवेदन दिनुपर्ने नयाँ नीतिमा भनिएको छ ।

धर्म पुत्रपुत्रीकै सम्वन्धमा  जिल्ला प्रशासन कार्यालयबाट बाबुआमाविहिन बालबालिका प्रमाणित भएपछि बालकल्याण गृह, अनाथालय वा बाल मन्दिरले प्रत्येक बालबालिकाको विवरण मन्त्रालयले तोके बमोजिमको ढाँचामा तयार गरी सात दिनभित्र परिवार छनौट समितिमा पठाउनु पर्नेछ भनी उलेख्ख गरेको छ ।

स्रोतः-रिपब्लिका



# NEPAL ALCOHOL POLICY ALLIANCE
# (NAPA)

Estd. 2009

**Members:**

CWIN-Nepal

RECPHEC

Alcoholic Recovering Voice

FWLD

PSRN

Pro-Public

Richmond Fellowship Nepal

Non-Smokers Rights Association

Watch

Voice of Children

NAPN

FSCN

**Advisor:**

Prof. Mathura Shrestha

**Secretariat**
CWIN-Nepal

**E-mail:**
napa@gmail.org.np

**Website:**
www.cwin.org.np/napa

मितिः : २०६७/११/५

प्रेस विज्ञप्ति

## संगित मार्फत मदिराको प्रवर्द्धन नगरौं

मानवअधिकार, सामाजिक न्याय र मदिरा नियन्त्रणको क्षेत्रमा कार्यरत नेपालका गैहसरकारी संस्थाहरुको सक्रियतामा सन् २००९ मा स्थापित **नेपाल मदिरा नीति संजाल (Nepal Alcohol Policy Alliance)** ले समाजमा मदिराले पारेको नकारात्मक असरहरुकाबारेमा अध्ययन-अनुसन्धान गर्नुका साथै, विद्यमान नीति र नियमहरुमाथि छलफल गर्ने र विभिन्न चरणमा मदिरा दुरुपयोग विरुद्धका अभियानहरु समेत सचालन गर्दै आईरहेको छ ।

**यही फागुन ७ गते काठमाण्डौंमा हुन गईरहेको बहुप्रतिक्षित सांगितिक कार्यक्रम ब्रायन आडम्स लाईभ कन्सर्ट विभिन्न मदिरा उत्पादन कम्पनीहरुको मुख्य प्रायोजनमा हुने भएकोमा नेपाल मदिरा नीति संजालको गम्भीर ध्यान आकर्षण भएकोछ ।**

युवा पुस्ताहरुको विशेष आकर्षण हुने उक्त कार्यक्रम सम्बन्धी प्रायोजित विज्ञापनहरुले मदिराको प्रयोगमा प्रोत्साहन दिदै समाजका युवापुस्तालाई दुर्व्यसन तिर उन्मुख गराउन सक्ने देखिएको कारण यस्ता खालका कार्यक्रममा मदिरा उत्पादकको प्रायोजनको हामी विरोध गर्दछौं । यस अवसरलाई मदिरा प्रवर्द्धनको लागि प्रभावकारी माध्यम बनाइएको देखिएकाले यसले समाजमा व्याप्त दुर्व्यसन तथा मदिराको समस्यालाई बढावा दिने भएकाले समाजमा नकारात्मक प्रभाव पार्नसक्ने यस्ता कार्य प्रति यो संजाल सरकारको ध्यानाकर्षण गराउंदछ । अतः यस संजालको संयोजनमा सञ्चालन हुने **संगित मार्फत मदिराको प्रवर्द्धन नगरौं** भन्ने अभियानमा सहभागिता तथा ऐक्यबद्धताका लागि हामी सबैलाई हार्दिक आह्वान गर्दछौं ।

स्मरणीय छ, सन् २०१० मा सम्पन्न भएको विश्व स्वास्थ्य संगठनको कार्यकारिणी सभाको १२६औं बैठकले मदिराको हानीकारक प्रयोग न्यूनीकरणको विश्वव्यापी नीति पारित गरीसकेको छ । नेपाल पनि विश्व स्वास्थ्य संगठनको सदस्य राष्ट्र भएको सन्दर्भमा सोही नीति अनुरुप राष्ट्रिय नीति तयार गरी लागू गर्नुपर्ने अवस्था रहेकोछ । नेपालले मदिराको प्रचार प्रसारलाई नियन्त्रण गर्न विधुतिय सञ्चार माध्यममा सोको विज्ञापन प्रतिबन्धित गरेको छ तर यस्तो प्रतिबन्ध छापा माध्यम तथा होर्डिंग बोर्ड लगायतमा लागू गर्नु आवश्यक भईसकेकोछ । जनस्वास्थ्यको विषयलाई उच्च प्राथमिकता दिदै श्रीलंका लगायतका देशहरुमा कार्यक्रम प्रायोजन समेत कुनैपनि किसिमले मदिराको विज्ञापन नगर्ने नीति रहेको उदाहरणीय कार्यको सिको गर्नु उपयोगी देखिन्छ ।

नेपालमा ४८ प्रतिशत पुरुष तथा ३७ प्रतिशत महिलाहरुले मदिराको प्रयोग गर्दै आईरहेका छन् भने ६० प्रतिशत महिला माथि हुने हिंसा, ९० प्रतिशत सडक दुर्घटना, ८० प्रतिशत युवा सलग्न हिंसात्मक घटनाहरु, मदिराको कारण असुरक्षित यौन सर्म्पकबाट एचआईभि एड्स्को संक्रमितहरुको संख्या पनि दिनानु बढ्दै गईरहेको छ । मदिराको प्रयोगबाट लैगिंक हिंसाका साथै बालअधिकार हननका घटनासमेत हुने गरेका छन् । यसका साथै मदिराको हानीकारक प्रयोगका कारण जनस्वास्थ्य, सांस्कृतिक, आर्थिक एवं सामाजिक विकासमा नकारात्मक असर पर्दै आएको छ ।

कुनैपनि बाहानामा मदिरा प्रति आकर्षक हुने ढगले प्रचारप्रसार गरिने कार्यको यस संजाल विरोध गर्दछ । तर यो संजालले पर्यटन वर्ष २०११ को अवसरमा नेपालकै बहुप्रतिक्षित सांस्कृतिक कार्यक्रमका मुख्य आकर्षण ब्रायन आडम्स तथा उनको कार्यक्रमको विरोध गरेको नभई यस कार्यक्रमको माध्यमबाट हुन गएको मदिरा प्रवर्द्धनको मात्र कडा विरोध गरेको हो ।

मदिरा कम्पनीले आफ्नो नाफा र व्यापार प्रवर्द्धनका लागि गरिएको प्रचार प्रसारमा सरकार लाचिलो देखिएको छ । मदिरा प्रवर्द्धन नियन्त्रण सम्बन्धी कमजोर कानुनी व्यवस्था प्रति खेद व्यक्त गर्दै मदिरा उत्पादन बेचबिखन तथा प्रवर्द्धनकाबारे कडा रणनीति अपनाउन हामी सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं ।

मदिरा विरोधी अभियानमा ऐक्यबद्धता जनाउंन सबैलाई हार्दिक अनुरोध गर्दछौं ।

गौरिमा तुलाधर
राष्ट्रिय संयोजक
नेपाल मदिरा नीति संजाल
(Nepal Alcohol Policy Alliance)